

निर्माणधीन क्याम्प हाउस

# दोर्दी-१ जलविद्युत खबर

श्रावण २०७४, अंक ८

## आयोजनाको हालको निर्माण अवस्था

आयोजना स्थलमा पावरहाउस रहने स्थल समथर पार्ने कार्य सम्पन्न भईसकेको छ । साथै, हेडवर्कसको डिस्याण्डर बेसिन रहने ठाउँको जग खन्ने कार्य भईसकेको छ । आयोजनाको स्रोत तथा संरचनाहरुको दिर्घकालिन सुरक्षा र दिगोपनलाई ध्यानमा राख्दै ठाउँ ठाउँमा ग्राभलिङ्ग, ग्याबियन पर्खाल, हयूम् पाइप, बर्खे पानीको लागि निकास, लगायत निर्माण कार्यहरु जारी रहेको छ ।

यसका साथै रहिआएका सडक तथा पहुँचमार्गको स्तरोन्नती गदै अन्य स्थानहरुमा पहुँच बढाउन बाटो बनाउने सिलसिला जारी रहेको छ । यस्तै, जेठ २८, २०७४ मा आयोजनाको हेडवर्कस र पावरहाउसको सिभिल निर्माणको ठेक्का आवह्वान गरिसकिएको छ । त्यसैगरी, आयोजनाको हाइड्रोमेकानिकलको बोलपत्र आवह्वान यसै श्रावणमा गरिसकिएको छ ।



क्याम्प हाउस ढलान




एक्साभेटर द्वारा बर्खेपानीको लागि निकास *बनाइदैं*



बर्खेपानीको लागि निकास बनाइदैं

सरकारी वन उपभोग अन्तर्गतको स्वीकृतिको लागि जिल्ला वन कार्यालय लमजुङ्गबाट सिफारिस भइसकेको र हाल वन मन्त्रालयबाट स्वीकृतिको लागि सिफारिस हुने क्रममा रहेको छ । निर्माण अवधिभर आवश्यक पर्ने विद्युतीय उर्जाको प्राप्तिको लागि नेपाल विद्युत प्राधिकरणबाट स्वीकृति लिने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । पेनस्टक र सर्जट्याङ्क क्षेत्रको पहुँचमार्गमा बर्खेपानीको लागि निकास बनाउने कार्य भईरहेको छ ।

कर्मचारीहरुको लागि बनाइएको RCC क्याम्प हाउसको ढलान कार्य सकिएको छ । उक्त क्याम्प हाउसमा विद्युत जडान, पेन्टिङ्ग, झ्याल ढोका लगाएतका कार्य भाद्र मसान्त २०७४ सम्म सकिने आयोजनाले लक्ष्य लिएको छ ।



क्याम्प हाउस ढलानको लागि फर्मा राख्दै




एक्साभेटर द्वारा पहुँचमार्गको स्तरोन्तरी गरिदै



ग्याबियन वाल लगाइदैं

**सम्पादकः पार्वती पराजुली**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन नः ९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल : info @dordikhola.com.np**

**वेबसाइट : www.dordikhola.com.np**